# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१० गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला बारा, प्रहरी चौकी गञ्जभवानीपुरमा कार्यरत प्रहरी नायब निरीक्षक जटाशंकरप्रसाद कलवारले भारतबाट मालसामान ल्याउन सहज गराई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाले निज जटाशंकरप्रसाद कलवारलाई सेवाग्राहीबाट रु.६०,०००।- (साठी हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा आरोपित प्रहरी नायब निरीक्षक जटाशंकरप्रसाद कलवारले सेवाग्राहीले खरिद गरेका खाद्यान्न सामानहरु बिक्री वितरण गर्दा दुःख हैरानी नदिने तथा सहजता गरिदिने प्रयोजनको लागि रु.६०,०००।-(साठी हजार) घुस/रिसवत लिएको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएकोले निज प्रतिवादी जटाशंकरप्रसाद कलवारलाई बिगो रू.६०,०००।- (साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला